कम्पनी ऐन अन्तर्गत स्थापित

काठमाण्डौं मेडिकल कलेज पब्लिक लिमिटेड

रजिष्टर्ड कार्यालयः का.म.न.पा.वडा न.९, सिनामंगल फोन नं.०१-४५७६१५२

इमेलः info@kmc.edu.np र वेबसाइटः www.kmc.edu.np

हकप्रद शेयर (साधारण) विक्री गर्ने बारे सूचना

यस काठमाण्डौ मेडिकल कलेज प.लि.को मिति २०८२।०३।३१ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम यस कम्पनीमा मिति २०८२।०३।३० गते सम्म कायम साविक शेयरधनीहरुका लागि १ शेयर बराबर नयाँ १ शेयर (१:१) को अनुपातमा प्रति शेयर रु. १००/-अंकित दरको ६०,०९,५५३ कित्ता हकप्रद शेयरको निष्काशन तथा विक्री खुल्ला गरेको, थप अरु २ पटक उक्त हकप्रद शेयर विक्रीको लागि सूचना प्रकाशित गरी विक्री गर्दा समेत हाल पनी २८६३५ थान शेयर विक्री हुन बाँकी रहेकोले उक्त शेयर हाल कायम रहेका शेयरधनीहरुले प्रति शेयर रु.१०० का दरले एकमुष्ट वा आंशिक शेयर खरिद गर्न पाउने गरी देहायका अन्य शर्तहरु पालना गर्ने गरी खरिद विक्री गर्ने व्यवस्था मिलाउनको लागि मिति २०८३।०३।०५ गते सम्म कायम रहेका शेयरधनीहरुलाई पूर्ण वा आंशिक रुपमा खरिद गर्नको लागि आवेदन पेश गर्न मिति २०८३।०३।०८ गते बसेको सञ्चालक समितिको बैठकले राष्ट्रिय स्तरको पत्रिकामा ७ (सात) दिनको अन्तिम पटकका लागी सूचना प्रकाशन गर्ने निर्णय गरे बमोजिम शेयरहरु खरीद गर्न योग्य यस कम्पनीका बहालवाला शेयरधनीहरु इच्छुक व्यक्ति, कम्पनीहरुले मिति २०८३।०३।०९ गते बाट मिति २०८३।०३।१६ गते ७ (सात) दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी के कति शेयर खरिद गर्न कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही आवेदन पेश गर्न आव्हान गरिन्छ।

तपसिल

१. **आवेदन फाराम पाइने र बुझाउने स्थानः**
   (क) काठमाण्डौ मेडिकल कलेज प.लि.को प्रशासन विभाग, का.म.न.पा.वडा नं.९ बाबुराम आचार्य सडक, सिनामंगल

२. **बिक्री गरिने शेयरको विवरणः २८६३५ कित्ता**

शर्तहरुः

१. आवेदन फाराम कम्पनी प्रशासन शाखा तथा कम्पनीको वेभसाइटबाट प्राप्त गर्न सकिने छ।
२. हाल कायम रहेका शेयरधनीले खरिद गर्नका लागी २८६३५ थान शेयर एकमुष्ट वा आंशिक रुपमा के कती शेयर खरिद गर्न चाहेको हो खुलाउन पर्नेछ।
३. बाँकी रहेको हकप्रद शेयर खरिद गर्ने अन्तिम पटकको म्याद भएकोले यसै सूचना अनुसार शेयर खरिद गर्न आवेदन नगर्ने शेयरधनीको हकमा शेयर बाँडफाँड गरीने छैन। सञ्चालक समितिले आवेदन गर्ने शेयरधनीलाई मात्र शेयर बाँडफाँड गर्ने अन्तिम अधिकार सञ्चालक समितिलाई हुनेछ।
४. एक भन्दा बढी शेयर खरिदको आवेदन परेमा आवेदकले पूर्ण वा आंशिक जे जति शेयर खरिद गर्न भनी उल्लेख गरेता पनि सबै आवेदकहरुको हाल कम्पनीमा कायम रहेको शेयरको प्रतिशतको अनुपातको आधारमा शेयर संख्या कायम गरि शेयर बाडफाँड गरीनेछ।
५. शर्त नं. २ अनुसार कायम गरेको शेयरको रकम जम्मा गर्न सूचना दिएको २ दिनभित्र शेयर वापतको रकम यस कम्पनीको तोकिएको खातामा जम्मा गरी सोको सक्कल भौचर कार्यालयमा पेश गर्नु पर्नेछ।
   बैंक र खाता नं. खाताको नाम काठमाण्डौ मेडिकल कलेज प.लि.
   खाता नं. ५५५०९६१९९९४ बैंकको नामः सिद्धार्थ बैंक लि.
६. तोकिएको भाका भित्र रकम जम्मा नगरे रकम जम्मा नगर्ने शेयरधनीको भागमा परेको शेयर अन्य आवेदकहरुलाई अनुपातमा खरिद गर्न दिइनेछ।
७. लगानी गरिने रकमको श्रोत पुष्टि हुने कागजात आवेदन साथ पेश गर्न पर्नेछ।
८. आवेदकले एक भन्दा बढी आवेदन पेश गर्न पाइने छैन।
९. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।
१०. यस सम्बन्धमा कुनै द्विविधा भएमा सो को व्याख्या गर्ने अधिकार तथा शेयर बिक्रि गर्ने वा नगर्ने सम्पूर्ण अधिकार निष्काशन कम्पनीमा निहित रहेनछ।
११. आवेदक कम्पनी भए दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सञ्चालक समितको निर्णयको प्रतिलिपि र अख्तियारीनामा समेत पेश गर्न पर्नेछ।
१२. आवेदक प्रचलित कानून बमोजिम कम्पनीको शेयर खरिद गर्न योग्य हुनु पर्नेछ।
१३. उक्त शेयर खरिद गर्ने आवेदन फर्म कम्पनीको वेबसाईटबाट समेत प्राप्त गर्ने व्यवस्था गरिने छ।
१४. मिति २०८३/०३/०९ गते देखि २०८३/०२/१६ गते सम्म कम्पनीको शेयर दाखिल खारेज बन्द गरिनेछ।
१५. नेपाल सरकारको सम्बन्धित निकायहरुको कालो सूचिमा परि वा प्रचलित कानून बमोजिम शेयर कायम गर्न असमर्थ भएका शेयरधनीको नाममा शेयर कायम गर्न सकिने छैन।

नोटः शेयर निष्काशन सम्बन्धी विषयमा थप जानकारी चाहिएमा कम्पनीको रजिष्टर्ड कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

बिना देउपाला
प्रशासकीय अधिकृत
सम्पर्क नं.९८०२३९७१२२